## सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

मिति २०७७ वैशाख २८ गते बसेको सर्वोच्च अदालतको पूर्ण बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१. नेपाल सरकारबाट बन्दाबन्दी (लकडाउन) लाई निरन्तरता दिंदै २०७७ साल जेष्ठ ५ गतेसम्म अवधि थप गरेको हुंदा सर्वोच्च अदालत लगायत सबै तहका अदालत र न्यायाधिकरणहरूबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाहका सम्बन्धमा यस अघिको पूर्ण बैठकको निर्णयबमोजिमको व्यबस्थापनलाई निरन्तरता दिने ।

२. बन्दाबन्दीको अवधि निरन्तररूपमा थपिंदै गएको सन्दर्भमा कोरोना भाइरस सँक्रमणको रोकथाम तथा नियन्त्रणका उपयुक्त उपायहरू र स्वास्थ्य सुरक्षाका निर्धारित मापदण्डहरूको अवलम्बन गर्दै सर्वोच्च अदालतमा नेपाल सरकार निवेदक भएको मुद्दा दोहोर्‍याई पाऊँ भन्ने निवेदन (RI), पुनरावेदनको अनुमतिको निवेदन (LE) र विपक्षी झिकाउने आदेश भइनसकेका नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन तथा साधक जाँचका लागि आएका मुद्दाको मिति २०७७।०१।२९ गते सोमबारबाट सुनुवाई प्रारम्भ गर्ने। उपर्युक्त बमोजिम निवेदन तथा मुद्दाको सुनुवाई हुने जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिने।

३. कोभिड-१९ को सँक्रमणको नियन्त्रणको लागि गरिएको बन्दाबन्दीको अबधि लम्बिदै गएको र संक्रमणको जोखिम रहिरहेको तथा कहिले नियन्त्रणमा आउँछ भन्ने यकिन पनि हुन नसकेको यस अवस्थामा कोरोना भाइरसको सँक्रमणको अबस्था र जोखिम तथा सेवाग्राहीको स्वास्थ्य सुरक्षालाई समेत दृष्टिगत गरी निर्धारित मापदण्डहरूको अबलम्बनसहित बन्दाबन्दीको अवधिमा अदालतहरूमा न्याय सम्पादनसम्बन्धी थप कामकारवाही प्रारम्भ गर्न सकिने नसकिने र सकिने भए उच्च र जिल्ला अदालतहरूमा के कस्ता काम कारवाहीहरू प्रारम्भ गर्न उपयुक्त हुन्छ भन्ने बिषयका साथै बन्दाबन्दीको अवधिपश्चात क्रमशः सुचारू गर्न सकिने कामकारवाहीको बारेमा मातहत अदालतहरूको सुझाव लिई सम्बन्धित अदालतका न्यायाधीश तथा कर्मचारीहरूबीच छलफल तथा सम्बन्धित सरकारी वकिल कार्यालय एवम् बार इकाई समेतसँग परामर्श गरी उच्च अदालत/ईजलासका मुख्य न्यायाधीश/मुख्य भई काम गर्ने न्यायाधीशबाट तीन दिनभित्र राय प्रतिबेदन प्राप्त गरी उपयुक्त निर्णयको लागि पेश गर्ने ब्यवस्था मिलाउने।

भद्रकाली पोखरेल
प्रवक्ता

मिति : २०७७।०१।२८